## नगर उप प्रमुखद्वारा प्रस्तुत कार्यक्रम तथा बजेट बक्तव्य, २०८०

**सभाअध्यक्ष ज्यू,**

१ नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१, गोरखा नगरपालिकाको विनियोजन ऐन २०८०, आर्थिक ऐन २०८० र नीति तथा कार्यक्रम २०८० ले लिएका सिद्धान्त र प्राथमिकता, नेपाल सरकारको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासको लक्ष्य, नेपालको दीर्घकालिन सोच, २१०० (एक्काइस सय) र विभिन्न क्षेत्रका महानुभावहरूले दिनु भएको सुझाव र सल्लाह, नगर सभाका सदस्यहरूले दिनु भएको सुझाव र सल्लाह तथा विभिन्न संघसस्था र सम्वद्ध सवै पक्षवाट प्राप्त रचनात्मक सुझावहरूलाई समेत ध्यान दिएको छु। गोरखा नगरपालिकाको नगर उपप्रमुख एवं नगरसभा सदस्यको तर्फबाट यस सम्मानित नगर सभा समक्ष आगामी आर्थिक वर्ष २०८०।०८१ को कार्यक्रम तथा बजेटको संक्षिप्त रुपमा यो बक्तव्य प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महसुस गरेको छु।

२ आजको यस महत्वपूर्ण अवसरमा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । त्यसै गरी राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि सङ्घर्ष गर्नु हुने महान् नेपाली दिदीबहिनी तथा दाजुभाइहरु र देशको सबल एवं सक्षम नेतृत्व गर्नु हुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरू प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

३ गोरखा नगरपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्दै जाने, स्वस्थ नगरवासी स्वच्छ नगरपालिकाको मुल मर्मलाइ अंगिकार गर्दै, निर्वाहमुखी कृषि पद्धतिलाई व्यवसायिकतामा रुपान्तरण गर्ने र स्तरीय सडकको पहुँच बृद्धि गरी पर्यटन पूर्वाधारमा समेत जोड दिने नीतिगत मार्गदर्शनलाई अंगिकार गर्दै कार्यक्रम तथा योजनाहरुमा बजेट बिनियोजन गरिएको छ। साथै गोरखा नगरपालिकाको सेवा प्रवाहमा सुशासन, जनसहभागिता र पारदर्शिता प्रवर्द्धन गर्दै दीगो विकासका दीर्घकालीन दृष्टिकोण अनुरुप आर्थिक सामाजिक तथा सांस्कृतिक विकासको मौलिक ढाँचामा अघि वढ्नुका साथै सवै नगरवासीलाई मर्यादित काम, न्यूनतम खाद्य सुरक्षा, गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता, आधारभूत स्वास्थ्यमा पहुँच, घरघरमा स्वच्छ खानेपानी र सुरक्षित आवास जस्ता अत्यावश्यक आवश्यकताहरूको परिपूर्ति नै यो कार्यक्रम तथा बजेटको मूलभूत मान्यता र उद्देश्यहरू रहेका छन् ।

४ नगरको आर्थिक विकासको स्तर र विकासका लागि कानूनको प्रभावकारी कार्यान्वयन र परिपालना, भौतिक संरचनाको निर्माण र व्यवस्थापन, आन्तरिक श्रोतको अधिकतम परिचालन, उत्पादन र उत्पादकत्व वृद्धि, योजनाको प्राथमिकीकरण र कार्यान्वयन, सार्वजनिक निर्माणमा गुणस्तरियता र सुशासन प्रवर्धन, प्रविधिमैत्री दक्ष जनशक्तिको अभाव, नगर वासीलाई करको दायरामा ल्याउन नसक्नु जस्ता हाम्रा प्रमुख चुनौति रहेका छन् ।

**सभाअध्यक्ष ज्यू,**

५ अव म गोरखा नगरपालिकाको आर्थिक स्थितिको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

६. चालु आर्थिक वर्षको राजस्व परिचालन लक्ष्यको करिव ७४ प्रतिशत (३ करोड ४८ लाख ७१ हजार २ सय २० रुपैया) पुगेको छ। गोरखा नगरपालिकालाई राजस्व र अनुदान तथा अन्य, संघिय सरकार, प्रदेश सरकार र नगरपालिकाको आन्तरिक श्रोत गरी जम्मा १ अर्व ७ करोड २८ लाख ४१ हजार २९ रुपैयाँ मात्र प्राप्त भएकोमा सोबाट जम्मा ७६ दशमलव २ एक प्रतिशत खर्च भएको छ। जस मध्य चालु तर्फ ८१ दशमलव सुन्ना ६ प्रतिशत (६९ करोड ६९ लाख २६ हजार ३१ रुपयाँ) र पुँजीगत तर्फ ६७ दशमलव २ पाँच प्रतिशत ( ३७ करोड ५९ लाख १५ हजार ८ रुपैयाँ ) खर्च भएको छ। साथै आगामी आर्थिक बर्ष २०८०।०८१ को लागि कुल बजेट रु १ अर्व ३२ लाख ६५ हजार रुपैयाँ रहेको व्यहोरा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय इम्रीडाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

नगर प्रमुख

सभाअध्यक्ष ज्यू

७ अब म आगामी आर्थिक वर्ष २०८०।०८१ को कार्यक्रम तथा बजेटको उद्देश्यहरु निम्नानुसार प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क, उत्पादनमा आधारित कार्यक्रमलाई व्यवस्थित गर्दै आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकासमा आम नगरवासीको पहुँचमा बृद्धि गर्ने,

ख, स्थानीय श्रोत र साधनको अधिकतम् उपयोग गरी आर्थिक, सामाजिक र मानवीय पुँजीको विकास गर्ने,

ग, नगरवासीको मौलिक हकलाई सुनिश्चित गर्दै स्वास्थ्य र शिक्षाका आधारभूत मान्यतालाई मानव विकास सुचाङ्कसंग समाहित गरी समावेशी तथा समुन्नत समाजको निर्माण गर्ने,

घ, कृषि र पशु जन्य उत्पादनलाई व्यवसायीकरण र बजारीकरण गर्दै आम नगरवासीहरुको जीवनस्तरमा सुधार तथा आत्मनिर्भर बनाउने,

ङ, पर्यटन पूर्वाधार विकास गरी पर्यटन व्यवसायमा आयआर्जनलाई जोड दिई आन्तरिक र वाह्य पर्यटनको बृद्धि गर्ने,

च, नगरवासीलाई नगरपालिकाबाट प्रदान हुने सेवा चुस्त दुरुस्त पारी प्रविधिमैत्री बनाउने ।

८ आर्थिक वर्ष २०८०।८१ को कार्यक्रम तथा बजेटका प्राथमिकताहरू निम्नानुसार प्रस्तुत गरेको छु ।

- पूर्वाधार विकास
- सामाजिक विकास,
- आर्थिक विकास,
- वन,वातावरण र विपद् व्यवस्थापन
- सुशासन तथा संस्थागत विकास

९ प्रस्तुत कार्यक्रम तथा बजेटका उद्देश्यहरू र प्राथमिकताहरु हासिल गर्न संघीय र प्रदेश सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था एवं सामुदायिक संस्थाहरुसंग सहकार्य आवश्यक ठानेको छु ।

१० अव म क्षेत्रगतरुपमा विनियोजन गरिएको कार्यक्रम तथा बजेट प्रस्तुत गर्न चाहन्छु ।

१३ नगरपालिकाका १४ वटै वडाहरूको न्यायोचित तथा समानुपातिक विकासका लागि प्रत्येक वडामा वडास्तरीय आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण र विपद् व्यवस्थापन साथै सुशासन तथा संस्थागत विकास लगायतका क्षेत्रहरूमा प्रति वडा असी लाख हुने गरी जम्मा रू ११ करोड २० लाख वडास्तरीय कार्यक्रम तथा बजेट विनियोजन गरिएको छ ।

१५ त्यसै गरी वडा स्तर र नगर स्तरमा विनियोजन कार्यक्रम तथा बजेटबाट निम्नानुसारको विषयक्षेत्रमा कार्यक्रम तथा वजेट विनियोजन गरेको छु । पूर्वाधार विकास तर्फ रु १९ करोड ३४ लाख ८७ हजार, सामाजिक विकास तर्फ रु ६ करोड ६१ लाख २३ हजार, आर्थिक विकास तर्फ रु १ करोड ८५ लाख, वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु १ करोड ३ लाख २५ हजार, सुशासन तथा संस्थागत विकास (कार्यालय सञ्चालन चालु तर्फ समेत) तर्फ रु २० करोड ३४ लाख ३० हजार गरी जम्मा रु ४६ करोड ३८ लाख ६५ हजार विनियोजन गरेको छु ।

सभाअध्यक्ष ज्यू,

१७ अव म गोरखा नगरपालिकाले आ.ब. २०८०।०८१ को लागि प्रस्ताव गरेको मध्यम तथा महत्व बोकेका अल्पकालिन र दीर्घकालिन कार्यक्रमहरु संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

- वहुवर्षिय कार्यक्रम अन्तर्गत शहरी सुन्दरता बढाउन साथै आन्तरिक तथा वाह्य पर्यटनको प्रवर्धनको लागि यस आर्थिक वर्षको लागि वसपार्क देखि खोलखोलेसम्म नाला तथा फूटपाथ व्यवस्थानको लागि रु ८० लाख रुपैयाँ र वेनिखोला ताल निर्माण कार्यको लागि रु ३० लाख रुपैयाँ विनियोजन गरेको छु ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

नगर प्रमुख

- गोरखा नगरपालिकामा दीर्घकालिन प्रभाव पर्ने खालका गौरबका योजना भित्र्याउनका लागि त्यस्ता खालका ठूला योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (डि पि आर) निर्माणको लागि रु ८० लाख विनियोजन गरेको छु ।
- बजार क्षेत्रको यातायात व्यवस्थापनको लागि खोलेखोल क्षेत्र र घ्याम्पेशालचोक धुनवासे क्षेत्रमा वसपार्क निर्माण तथा व्यवस्थापनको लागि रु ४० लाख रुपैयाँ विनियोजन गरेको छु ।
- बजार अनुगमन तथा व्यवस्थापनको लागि नगर प्रहरीको व्यवस्था गर्न रु १३ लाख रुपैयाँ विनियोजन गरेको छु ।
- युवा र वालवालिका, किशोर किशोरी संग मेयर उपेयर कार्यक्रमको लागि रु १५ लाख विनियोजन गरिएको छ ।
- मेयर कप, राष्ट्रिय अण्डर थर्टिन, ओसियन फूटसल लिग लगायत खेलकुद कार्यक्रमको लागि रु २० लाख विनियोजन गरेको छु ।
- उप प्रमुख सवल नेतृत्व विकास कार्यक्रमको लागि रु ३० लाख विनियोजन गरेको छु ।
- विभिन्न मठमन्दिर, गुम्वा, इसाई समाज, मुस्लिम समाज व्यवस्थानको लागि रु ५५ लाख रुपैयाँ विनियोजन गरेको छु ।
- लक्ष्मिबजार क्षेत्र, मझुवा तीनकिलो क्षेत्रमा फूटपाथ निर्माणको लागि रु ३५ लाख रुपैयाँ विनियोजन गरेको छु ।
- पहिलो पटक निर्माण मजदुरहरुको लागि मजदुर सामग्री टुलबक्स खरिदको लागि रु १० लाख विनियोजन गरेको छु ।
- रामशाह घाटमा शवदहनको लागि निशुल्क दाउरा उपलब्ध गराउनको लागि रु ५ लाख विनियोजन गरेको छु ।
- स्वास्थ्यमा नगरवासीको पहुँच पुर्‍याउन गोरखा अस्पताल र नगरपालिकाको संयुक्त लगानीमा सञ्चालनमा रहेको आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि दिइएको अनुदानलाई निरन्तरता दिदै यस वर्ष पनि रु ३० लाख रुपैयाँ विनियोजन गरेको छु ।
- लाइन्स आँखा अस्पतालसंगको समन्वयमा मोतियाविन्दु भएका यस नगरवासीहरुको सल्यक्रियामा लाग्ने खर्च निशुल्क गर्नको लागि रु ५ लाख विनियोजन गरेको छु ।
- कृषिमा व्यवसायीको लागि उत्पादनमा आधारित अनुदानको लागि रु १५ लाख र कृषि एम्वेलुन्स सेवा सञ्चालन तथा व्यवस्थानको लागि रु २५ लाख विनियोजन गरेको छु ।
- नगरपालिकालाई सूचना प्रविधिमैत्री बनाउनको लागि विभिन्न शीर्षकमा रु १५ लाख विनियोजन गरेको छु ।
- नगरक्षेत्रभित्रका सरकारी तथा सामुदायिक क्याम्पसको शैक्षिक तथा भौतिक पूर्वाधार सुधारको लागि रु २२ लाख विनियोजन गरेको छु ।
- नगरपालिका भित्र हुनसक्ने प्राकृतिक प्रकोपवाट आइलाग्ने विपद्को तत्काल व्यवस्थापन गर्नको लागि साथै विभिन्न योजनाहरुको तत्काल मर्मत संभारको लागि रु ७० लाख विनियोजन गरेको छु ।
- खेलकूद कार्यक्रम प्रर्वधनको लागि छेवेटारमा क्रिकेट मैदान निर्माण तथा वडा नं १२ मा खेलमैदान निर्माणको लागि रु २० लाख विनियोजन गरेको छु ।
- संघीय सरकार, प्रदेश सरकार, सडकबोर्ड नेपाल, नगरविकास कोष लगायतका विभिन्न संघ, संस्थाहरुसंगको साझेदारी र सहकार्यमा सञ्चालन हुने कार्यक्रम तथा योजनाहरुको लागि साझेदारी तथा समपुरक रकम स्वरुप रु २ करोड ३२ लाख ६७ हजार विनियोजन गरेको छु ।
- मनिराम गाइने स्मृति प्रतिष्ठानद्वारा सारङ्गी वजाउने तथा कर्खा सम्वन्धी अनुसन्धानको लागि रु ५ लाख विनियोजन गरेको छु ।

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुम्रीडाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

१।८ ५४६

- स्थानीय उत्पादनलाई बढवा दिई सामुहिक रुपमा कार्यारम्भ गरी पर्यटन प्रर्वधनमा योगदान पुऱ्याउने उद्देश्यले कोशेली घर सञ्चालनको लागि रु ५ लाख विनियोजन गरेको छु ।
- यस कार्यक्रम तथा बजेटको विस्तृत विवरण प्रत्येक नगरसभा सदस्यहरुको हात हातमा उपलब्ध गराइएको छ ।

**बजेट कार्यान्वयन**

१८ स्थानीय सरकार सञ्चालन ऐन २०७४, गोरखा नगरपालिकाको आर्थिक ऐन, २०८० विनियोजन ऐन, २०८० मा भएको व्यवस्थानुसार श्रावण सुरूदेखि नै कार्यक्रम तथा बजेट कार्यान्वन गर्न आवश्यक व्यवस्था मिलाइएको छ ।

**सभाअध्यक्ष ज्यू,**

१९ अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

२० आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु १ अर्व ३२ लाख ६५ हजार रुपैया विनियोजन गरेको छु । जस मध्ये नेपाल सरकारको वित्तिय समानिकरण अनुदानबाट २१ करोड २२ लाख, सर्शत अनुदानबाट ३८ करोड ७९ लाख, विषेश अनुदान रु १ करोड, समपुरक अनुदान ८० लाख, संघीय राजश्व तर्फ १२ करोड १२ लाख ६८ हजार, विद्युत रोयल्टीबाट १ करोड रुपैया, प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान ३ करोड २४ लाख ५८ हजार, समपुरक अनुदान रु १ करोड, प्रदेश राजश्व बाडफाँडबाट १ करोड ७३ लाख ३९ हजार, एवं नगरपालिकाको आन्तरिक श्रोतबाट ६ करोड ७६ लाख, सडक बोर्ड नेपालबाट ७५ लाख, घरजग्गा रजिष्ट्रेशनबाट रु ९० लाख, चालु आ.ब. ०७९।०८० मा अनविार्य दायित्व सिर्जना भएका योजनाका लागि रु ७ करोड, नगर विकासकोष ऋण सहायता रु ३ करोड तथा नगद लागत सहभागिताबाट १ करोड रुपैयाँ श्रोतको अनुमान गरेको छु ।

२१ यस सम्मानित सभामा प्रस्तुत भएको कार्यक्रम तथा बजेटको कार्यान्वयनवाट नगरवासी दिदीवहिनी तथा दाजुभाइका संविधान प्रदत्त मौलिक हक र अधिकार सुनिश्चित हुदै जाने र सार्वजनिक सेवाको प्रभावकारीता एवम् गुणस्तर अभिवृद्धि हुने विश्वास लिएको छु । भौतिक, सामाजिक र आर्थिक क्षेत्रमा सकारात्मक परिवर्तनको महसुस हुने विश्वास लिएको छु । प्रस्तुत कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट नगरवासीले सरल सहज र अपनत्वको भावना सहित नगर विकासमा सबैले दायित्व बहन गर्नु हुनेछ भन्ने अपेक्षा राखेको छु ।

**सभाअध्यक्ष ज्यू,**

२२ प्रस्तुत कार्यक्रम बजेटको तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने नगर प्रमुख ज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने नगरकार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरू, विषय विज्ञहरु, राजनीतिक दलका पदाधिकारीहरू, व्यापारिक र निजी प्रतिष्ठानहरु, सरोकारवालाहरु र राष्ट्रसेवक कर्मचारीहरूबाट प्राप्त सुझाव, सहयोग र प्रेरणाप्रति आभार प्रकट गर्दछु । बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरी नगर कार्यपालिकाका सदस्यहरू र विषयगत समितिका पदाधिकारी र सदस्यहरूले दिनु भएको सुझावका लागि आभारी छु । त्यस्तै कार्यक्रम तथा बजेट तर्जुमामा सुझाव दिनु हुने निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज तथा संञ्चारकर्मी सबैप्रति आभारी छु । कार्यक्रम तथा बजेट तर्जुमामा अहोरात्र खट्ने नगरपालिकाका राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिदै यो बजेट कार्यान्वयनमा पनि सबै पक्ष र क्षेत्रको उत्तिकै सक्रियता र सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

नगर प्रमुख